प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, रामेछाप

बागमती प्रदेश
(रामेछाप र दोलखा)

## ५० % लागत साझेदारीमा व्यावसायिक कृषि कार्यक्रममा प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०७/१६

कृषि ज्ञान केन्द्र, रामेछापको आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रम अनुसार **“कोभिड-१९ का कारण विदेशबाट फर्किएका तथा बेरोजगार युवाहरुका लागि लागत साझेदारीमा व्यावसायिक कृषि कार्यक्रम”** संचालन गर्न लागिएको हुँदा सम्बन्धित इच्छुक कृषि पेशामा आवद्ध युवाहरु (२५ देखि ४९ वर्ष सम्मका) बाट सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (२०७८/०८/१५) कार्यालय समयमा कृषि ज्ञान केन्द्र, रामेछाप र सम्पर्क कार्यालय, दोलखामा देहाय बमोजिमका कागजातहरु सहित निवेदनसाथ प्रस्ताव दर्ता गर्नुहुन यो सूचना आह्वान गरिएको छ।

<u>पेश गर्नुपर्ने कागजातहरु:</u>

१. रु १० को हुलाक टिकट टाँस गरेको अनुसूची-२ बमोजिमको निवेदन, अनुसूची-३ बमोजिमको प्रस्ताव पत्र र प्रस्तावकको नागरिकताको प्रतिलिपि

२. अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र

३. कोभिड-१९ का कारण वैदेशिक रोजगारीबाट फर्केका युवाको हकमा राहदानी र प्रवेशाज्ञाको प्रतिलिपि र सो व्यहोरा खुल्ने स्थानीय तहको सिफारिस

४. स्वदेशमा रोजगारी गुमाएका युवाको हकमा पछिल्लो रोजगारदाताको र स्थानीय तहको बेरोजगार भएको प्रमाण खुल्ने सिफारिस

५. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह तथा अन्य संघ संस्थाबाट सोहि कामको लागि सहयोग लिए नलिएको स्वघोषणा पत्र

नोट:

- यस कार्यक्रम अन्तर्गत एकीकृत मौसमी तथा बेमौसमी तरकारी खेती प्रवर्दन, व्यावसायिक फलफूल तथा पुष्प खेती प्रवर्दन, अदुवा, बेसार, अम्रिसो, कफी, अलैंची, चिउरी, बाँस आदि, मौरी पालन/मह उत्पादन, च्याउ खेती प्रवर्दन कार्यक्रम, बीउ उत्पादन कार्यक्रम, रैथाने बाली प्रवर्दन कार्यक्रम संचालन गर्न सकिने साथै कार्यक्रममा सहभागी हुने आवेदकले कम्तिमा खुला जमिनमा तरकारी, पुष्प तथा फलफुल खेतीका लागि ५ रोपनीमा, खाद्यान्न बीउ उत्पादन १० रोपनी, संरक्षित संरचनामा तरकारी खेतीको लागि ५०० वर्ग मी., मौरीपालनका लागि कम्तिमा २५ गोलासहितको घार र च्याउ खेतीका लागि कम्तिमा ५०० बलमा उत्पादन कार्यक्रम गर्नुपर्नेछ।
- यस कार्यक्रमका लागि प्रति प्रस्ताव अधिकतम अनुदान रु. १,५०,००० /- रहनेछ।
- थप जानकारीको लागि कार्यक्रम सम्बन्धी कार्यविधि, यस केन्द्र र सम्पर्क कार्यालयको फोन नं ०४८-५४०३०८/९८४९१२०७८१ मा साथै कृषि ज्ञान केन्द्र, रामेछापको वेबसाइट https://ramechhap.akc.gov.np र फेसबुक पेज www.facebook.com/akcramechhap2076 बाट पनि सूचना तथा आवेदन फारम लिन सक्नुहुनेछ।

निर्मला गुरुङ
प्रमुख